COMMUNITY RADIO MADI
RADIO MADI 107.6 MHz
Local, Live & Leading Media of Mid Nepal
fm 107.6 MHz

मिति : ..........................................

श्री ..........................................................................

..............................................................................

विषय : विज्ञापन प्रसारण वा कार्यक्रम प्रायोजन सम्बन्धमा ।

चितवनको माडी स्थित बसन्तपुरमा स्थापित भई अत्याधुनिक डिजिटल स्टेरियो ट्रान्समिटरजडित फोर बे ब्रोडव्यान्ड एन्टेनाबाट निरन्तर प्रसारण हुँदै आएको रेडियो माडी एफ.एम. १०७ दशमलव ६ मेगाहर्ज सम्पूर्ण माडीवासीको अपनत्व रहेको एक साझा तथा नमुना सामुदायिक प्रसारण संस्थाका रुपमा ग्रामिण सचेतक, सामाजिकीकरणकर्ता र सुचना, चेतना, समाचार तथा मनोरञ्जनको पर्यायका रुपमा परिचित छ । मुलतः माडी क्षेत्रका श्रोता केन्द्रित स्थानीय रेडियोका रुपमा सञ्चालित रहेपनि चितवन र नवलपरासी क्षेत्र संगै वरपरका एक दर्जन नेपाली जिल्लाहरु र भारत विहारका पुर्वी तथा पश्चिम चम्पारणका अधिकांश भुभाग तथा इन्टरनेट अनलाइनको www.radiomadi.org.np वेबसाइट र एण्ड्रोइड तथा आइफोन एप्लिकेशन मार्फत संसारभर यसको प्रसारण हुने र श्रवण क्षेत्र रहेको हाम्रो सर्वेक्षण र श्रोता सहभागिताले देखाएको छ ।

विकास, पर्यटन र वातावरण पत्रकारिताको उत्कृष्ट नमुनाका रुपमा रहेको यस रेडियोले ग्रामिण एवं दमित आवाज मुखरित गर्दै माडी खबर, माडी खबर अपडेट्स, शोमेश्वरको आँगनी र समय सन्दर्भजस्ता जस्ता खबर एवं विचारमुलक कार्यक्रमका साथै दलित आवाज, कृषि सन्देश, स्वस्थ जीवन, जीवन संघर्ष, नारी आवाज, बाल संसार, संरक्षण सेरोफेरो, माटो र मुक्ति, एक मिनेट, खुला मञ्च आदि जस्ता जागरणमुलक रेडियो कार्यक्रमहरुको उत्पादन र प्रसारण गर्दै आइरहेको छ भने सि.आई.एन., उज्यालो/नेपाल एफ.एम. नेटवर्क तथा बी.बी.सी. नेपाली सेवा आदिद्वारा उत्पादित लोकप्रिय समाचार कार्यक्रमहरु समेत प्रसारण गर्ने गर्दछ । रेडियो माडीद्वारा उत्पादित कार्यक्रम बहकिने मन देशभरका सयौं रेडियोहरुबाट प्रसारण हुन्छ भने श्रोताका चाहना र रुची अनुसारका सांगितिक, साहित्यिक, फोन इन तथा लोककल्याणकारी कार्यक्रमहरु सामयिक रुपमा बज्ने यस रेडियोले छोटो समयमै आफूलाई एक परिमल स्थानिय सामुदायिक रेडियोका रुपमा स्थापित गरेको छ । रेडियोको बृहद सदस्य सञ्जाल अनि यसका साथी व्यवसाय र साथी संघसंस्थाहरुका कारण यो समाजको एक महत्वपूर्ण हिस्साका रुपमा स्वीकारिएको पनि छ ।

वृहद श्रोतापहुँच, आवश्यक प्राविधिक दक्षता तथा हरेकखाले प्रस्तुती दिनसक्ने लगनशील सञ्चारकर्मीहरुका कारण हामी यहाँको अपेक्षा वा आवश्यकता अनुसारका सुचना, विज्ञापन वा कार्यक्रम प्रसारण गर्न सक्षम छौं । यहाँले निम्नानुसारको सहुलियत दररेटमा आफ्ना उत्पादन, सेवा वा यहाँ सम्बन्धित रहनुभएको निकाय तथा संस्थाको प्रचारजन्य सामग्री, सुचना एवं सन्देशहरु प्रसारण गर्न सक्नुहुने जानकारीसहित अनुरोध गर्दछौं ।

| क्र. सं. | विवरण | दैनिक विज्ञापन | मासिक दररेट | | |
|---|---|---|---|---|---|
| | | | ३ महिना | ६ महिना | १ बर्ष |
| १. | मासिक कार्यक्रम प्रायोजन | ६ पटक (निःशुल्क) | रु ६,०००/- | रु ५,५००/- | रु ५,०००/- |
| २. | विज्ञापन प्रसारण | ८ पटक | रु ५,०००/- | रु ४,०००/- | रु ३,५००/- |
| ३. | खुद्रा (वर्गिकृत) विज्ञापन | ३ पटक | रु ३,५००/- | रु ३,०००/- | रु २,५००/- |
| ४. | फुटकर सुचना वा विज्ञापन प्रसारण (३० सेकेण्ड) | | प्रति पटकको रु १५०/- | | |
| ५. | टाइम चेक (न्युनतम ३ महिने सम्झौता गर्नुपर्ने) | | रु ७,५००/- प्रति महिना | | |

देव 'अञ्जान' शाह
निर्देशक, रेडियो माडी, चितवन

# विज्ञापन अर्डर स्लिप

मिति : ..................................

श्री निर्देशक ज्यू
सामुदायिक रेडियो माडी एफ.एम. १०७.६ मेगाहर्ज
बसन्तपुर बजार माडी चितवन

यसै अर्डर स्लिपमा लेखिएको निम्न अनुसारको सन्देश वा विज्ञापन दैनिक ............................... पटक प्रसारण गरिदिनुहुन अनुरोध छ । प्रसारण वापतको रकम मासिक रु ................................................... का दरले भुक्तानी गर्न मञ्जुर छु/छौं ।

| बिज्ञापन वा सन्देशको विवरण : |
|---|
| |

*(द्रष्टव्य : पूर्व रेकर्डेड अडियो वा भिडियो जिङ्गल वा बिज्ञापन तथा कुनैखाले प्रकासित वा प्रिन्टेड सन्देश भए उपलब्ध गराउनुहुन अनुरोध छ ।)*

अपेक्षित प्रसारण समय : ..........................................................................................................................

.......................................................................................................................................... ।

विज्ञापन/सन्देश प्रसारक :
नाम : ...................................................................

ठेगाना : ..................................................................     संस्थाको छाप

सम्पर्क नम्बर : ........................................................

हस्ताक्षर : ..............................................................